# चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री लिशा नकर्मी

सदस्य : श्री माधव के.सी.

सदस्य : श्री सुरेन्द्र के.सी.

**बाट भएको निर्णय**

निर्णय नं. : ३१

**निवेदक/वादीको नाम, थर, ठेगाना**

दिर्घमान सिंको नाति, तुल्सीमान सिंको छोरा का.जि. का.म.न.पा. वडा नं. १३ बस्ने वर्ष ५३ को केदारमान सिं (मो.नं. ९८५१०३८३३६). १

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

जुलुमकुमार श्रेष्ठको नाति, कृष्णकुमार श्रेष्ठको छोरा चन्द्रागिरि नगरपालिका वडा नं. ५ बस्ने वर्ष ३७ को घनश्याम श्रेष्ठ ( मो.नं. ९८४१७९२३९१ )......... १

**कागज प्रमाण**

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी .......१

ख) जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी .......१

ग) घर भाडा सम्झौताको प्रतिलिपी ....... १

घ) मालपोत तिरेको रसिदको प्रतिलिपी ... १

ङ) घरजग्गा कर तिरेको रसिदको प्रतिलिपी.१

**कागज प्रमाण**

न्यायिक समितिबाट बुझेको साक्षी ................

**प्रमाणहरू**

क) जग्गाधनी प्रमाणपत्रको प्रमाण पूर्जाको सक्कल थान ....................१

ख) घर भाडा सम्झौता सक्कल पाना ................................................ २

मुद्दा : सम्झौता बमोजिम घर कोठा खाली गरी, बहाल रकम समेत भराई पाउँ ।

मु नं. : ४२ दर्ता मिति : २०७७/१०/१३ ।

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१. उल्लेखित सम्बन्धमा म निवेदकको नाउँमा मालपोत कार्यालय, कलंकीमा दर्ता प्रमाणित यस का.जि. चन्द्रागिरि नगरपालिका वडा नं. ५ स्थित काठमाडौं जिल्ला साविक थानकोट महादेवस्थान गा.वि.स. वडा नं. ३(क), कि.नं. १४५६ क्षेत्रफल ०-२-०-२ जग्गामा बनेको घर उल्लेखित विपक्षी कृष्णकुमार श्रेष्ठले मासिक रु. १०,०००/- (दशहजार) मा २०७६/०८/११ देखि छ महिनाका लागि भाडामा लिनेदिने गरी म निवेदक र विपक्षीका बिचमा घर कोठा बहालमा लिने दिने गरि भाडा सम्झौता भएको थियो । मैले उल्लेखित विपक्षीलाई सम्झौता अनुसारको घर भाडा रकम दिई मलाई घर कोठा खाली गरि दिनुहोस् भन्दा आलटाल गरि आउनु भएको छ । यसै क्रममा उल्लेखित विपक्षीलाई यस विषयमा पटक पटक ताकेता गर्दा पनि सम्पर्कमा नआएको र निज विपक्षीले हामी दुई बीच भएको सम्झौता मितिदेखि हालसम्म पनि भाडा रकम नदिएको हुँदा निजलाई यस कार्यालयमा उपस्थित गराई म निवेदकको घर कोठा खाली गराई, मैले प्राप्त गर्नु पर्ने घरभाडा रकम समेत निजबाट दिलाई भराई न्याय इन्साफ दिलाई पाउँ भन्ने मागदावी रहेको छ ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

निज प्रतिवादीले मिति २०७७/१०/१८ मा ७ (सात) दिने म्याद बुझि कानुनी प्रक्रियामा नै नआई प्रतिउत्तर दर्ता गर्ने म्याद तथा म्याद थाम्ने समय सिमा समेत गुजारी बसेको देखिन्छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण**

मिति २०७६/०८/११ गते दुवै पक्ष बीच आपसी सहमतिमा भएको सम्झौता पत्र तथा वादीको नाउँको वडा नं. ३ क कि.नं. १४५६ को क्षे.फ. ०-२-०-२ घर जग्गा धनि प्रमाण पूर्जा ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण**

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

पक्षले कानुन व्यवसायी राखेका छैनन् ।

**दुवै पक्ष बिचमा फरक परेको विषय**

सम्झौतापत्र अनुसार सम्झौता भएको मिति २०७६/०८/११ देखि २०७७/१२/१२ सम्मको घर भाडा असुल उपर गरी सम्झौता अनुसार घर कोठा खाली गर्नुपर्ने ।

## निर्णय खण्ड

प्रस्तुत विवादको सम्बन्धमा नियमित पेशी सूचीमा चढि निर्णय तर्फ विचार गर्दा सम्झौता बमोजिम घर कोठा खालि गरी बहाल रकम समेत भराई पाउँ भन्ने वादी दावी रहेको र प्रतिवादी घनश्याम श्रेष्ठले मिति २०७७/१०/१८ मा म्याद बुझी म्याद थाम्ने थमाउने समय गुजारी प्रतिवाद नगरी बसेको देखिन्छ । प्रस्तुत विवाद स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ज) बमोजिम न्यायिक समितिको अधिकार क्षेत्र भित्रकै विवाद रहेको हुँदा विपक्षीको नाममा जारी भएको

म्याद आफैले बुझि कुनै प्रतिवाद नगरी बसेको तथा वादी केदारमान सिं र प्रतिवादी घनश्याम श्रेष्ठ बीच मिति २०७६/०८/११ को सम्झौता पत्र अनुसार समय अवधि पुनः थप गरेको नदेखिदा प्रतिवादीले सम्झौता पत्र बमोजिमको सम्झौता मिति २०७६/०८/११ देखि हालसम्मको १६(सोह्र) महिना १(एक) दिनको घर भाडा प्रतिमहिना नगद रु. १०,०००/- (दसहजार मात्र) को दरले जम्मा सोह्र महिनाको नगद रु. १,६०,०००/- र प्रतिदिनको नगद रु. ३३३.३३ (तीनसय तेत्तिस र पैसा तेत्तिस मात्र) को दरले एक दिनको नगद रु. ३३३.३३ (तीनसय तेत्तिस र पैसा तेत्तिस मात्र) सबै गरी जम्मा रु. १,६०,३३३.३३ (एकलाख साठीहजार तीनसय तेत्तिस र पैसा तेत्तिस मात्र) विपक्षीबाट वादीलाई भराई दुवै पक्षको सहमति भई मिति २०७६/०८/११ को सम्झौता पत्रको म्याद पुनः थप गरेको नदेखिदा विवादित घर जग्गाको बहालकर वादीबाट असुल गरी विपक्षीले भाडामा लिएको घर कोठाबाट विपक्षीलाई हटाई दिने तथा वादीको सम्पूर्ण एकमुष्ट रकम प्रतिवादीबाट भराई दिलाई दिने निर्णय गरियो अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसिल खण्ड

क) माथिको निर्णय खण्डमा उल्लेख भए बमोजिमका सम्झौताको मिति देखि तिर्नु बुझाउनु पर्ने घर बहाल कर र जरिवाना समेत वादीबाट असुल गरी त्यसको सक्कल रसिद मिसिलमा संलग्न गर्नु । ........................................................................................ १

ख) प्रतिवादीले शुरु म्यादै गुजारी बसेको हुँदा पुनरावेदनको म्याद दिनु परेन । ................. २

ग) वादीले प्रतिवदीबाट नगद रु. १,६०,३३३.३३ (एकलाख साठीहजार तीनसय तेत्तिस र पैसा तेत्तिस मात्र) भराई पाई घर कोठा खाली गराउने निर्णय भएको हुँदा सोको जानकारी नगरपालिकालाई दिई निर्णय कार्यान्वयनको लागि पक्षको निवेदन परेका वखत निर्णय कार्यान्वयन गर्न लगाउनु । ........................................................................................ ३

घ) सरोकारवालाले नक्कल माग गर्न आएमा नियमानुसार दिनु । ................................. ४

ङ) उजुरी दर्ताको दायरी लगत कट्टा गरी निर्णयको अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु । ........................................................................................ ५

**न्यायिक समितिका**

**संयोजक** : श्री लिशा नकर्मी

**सदस्य**
श्री माधव के.सी.

**सदस्य**
श्री सुरेन्द्र के.सी.

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**
गणेश खत्री

**कम्प्युटर टाइप गर्ने**
चिरञ्जीवी खड्का

**कानुनी सहजकर्ता**
निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०७७ साल चैत महिना १२ गते रोज ०५ शुभम् ..............................